**निर्णय नं. १**

जिल्ला समन्वय समितिको आ.व. २०७५/७६ को बार्षिक प्रतिवेदन पेश भई छलफल भयो। उक्त प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

जिल्ला समन्वय समितिको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम पेश भई जानकारी भयो। उक्त नीति तथा कार्यक्रम माथी गहन छलफल भई परिमार्जन सहित सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

२०७५/१०/१५ गतेको तेश्रो जिल्ला सभाको निर्णय नं. ३ अनुसार जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम हुने गरी जिल्ला समन्वय समिति, तनहुँमा मौज्दात रहेको बाँडफाँड योग्य रकमलाई जिल्ला समन्वय समितिको कार्यालय भवन निर्माण तथा मर्मत सुधार, नगरपालिका / गाउँपालिकाहरूको प्रशासकीय भवन र वडा कार्यालय भवन निर्माण तथा मर्मत सुधार सम्बन्धी कार्यक्रम / योजनाहरूमा उपयोग गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी पालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय भवन निर्माण भई सकेकाको हकमा पालिकाको माग अनुसार अन्य योजनाहरूमा समेत ऐ. निर्देशिका बमोजिम नै उपयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

आजको बैठकमा समय अभावको कारण प्रस्तावित विषयहरू माथी छलफल हुन बाँकी रहेकोले आगामी बैठक मिति २०७६/४/२८ गते मंगलबार विहान ठीक ८:०० बजे बस्ने निर्णय गरियो।

# जिल्ला समन्वय समितिको आ.व. २०७५/७६ को बार्षिक प्रतिवेदन

म अब जिल्ला समन्वय समिति र अन्तर्गतको जिल्ला समन्वय समितिको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ मा सम्पादन भएका कार्यहरूको प्रगति संक्षिप्त रुपमा प्रस्तुत गर्न अनुमती चाहन्छु,

१. २०७५/३/३० र २०७५/४/७ मा दोस्रो जिल्ला सभाबाट भएका निर्णयहरू सम्बन्धित मन्त्रालय, निकाय र कार्यालयहरूमा पठाई कार्यान्वयन गरिएको छ।

२. जिल्ला समन्वय समितिमा रहेको आर्थिक वर्ष २०७४/७५ सम्मको मौज्दात कोषको रकमलाई २०७५/१०/१५ गतेको तेस्रो जिल्ला सभाबाट भएको नीतिगत निर्णय र मार्गदर्शन एवम् नेपाल सरकारबाट स्वीकृत भई आएको मौज्दात कोष संचालन निर्देशिका, २०७५ अनुसार कार्यान्वयन प्रक्रिया अगाड बढाईएको छ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार जिल्ला समन्वय समितिको मासिक बैठकहरू नियमित रुपमा संचालन हुँदै आएका छन्। आर्थिक वर्ष २०७५/७६ मा जम्मा १५ वटा बैठकहरु सम्पन्न भएका छन्।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिल्ला समन्वय समितिलाई प्राप्त हुन आएको प्रत्यायोजित अधिकार अनुसार आर्थिक वर्ष २०७५/७६ मा १० वटै पालिकाहरूबाट प्राप्त भएको ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन र संकलन गर्ने कार्यका लागि IEE प्रतिवेदनहरू (१०८ वटा घाटहरू) स्वीकृत गरिएका छन्।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको परिपत्र अनुसार जिल्ला समन्वय समितिको नाममा विभिन्न बैंकहरूमा विभिन्न कोषहरूका नाममा मौज्दात रहेको रकमलाई कोष तथा लेखा नियन्त्रक कार्यालय, तनहुँमा रहने सरकारी खातामा स्थानान्तरण गरिएको छ। हाल जि.स.स.को आन्तरिक आय रकम सहित जि.स.स.लाई प्राप्त हुन आउने अनुदान रकमहरू कोष तथा लेखा नियन्त्रक कार्यालय, तनहुँमा नै जम्मा हुने गरेको छ।

६. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३३, मिति २०७६/१/१६ गतेको प्राप्त पत्र बमोजिम सामान्य प्रशासन मन्त्रीस्तरको मिति २०७५/१२/१२ र २०७६/१/९ गतेको निर्णय अनुसार साविक जिल्ला विकास समितिबाट स्थायी नियुक्ति प्राप्त गरि जिल्ला समन्वय समिति, तनहुँमा कार्यरत रहेका ३३ जना विभिन्न पद र तहका कर्मचारीहरूको ७ वटा स्थानीय तहहरूमा समायोजन गरि पठाउने कार्य सम्पन्न भएको छ। (घिरिङ्ग, ऋषिङ्ग र आँबुखैरेनी गा.पा. बाहेक)

७. जिल्लाको स्थानीय तहबाट भएको सेवा प्रवाह तथा समानुपातिक विकासका लागि जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धि कार्यविधि, २०७५ बमोजिम जिल्ला समन्वय समितिबाट हुने अनुगमनलाई प्रभावकारी बनाउन मिति २०७५ श्रावण २२ गतेको बोर्ड बैठकको निर्णयअनुसार जि.स.स.का पदाधिकारी तथा सदस्यहरूलाई अनुगमन संयोजकको जिम्मेवारी प्रदान गरीएको छ। साथै जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूबाट गाउँपालिका तथा नगरपालिकाहरूलाई पालिकाहरूको कार्य क्षेत्रका विषयमा अझ बढि सहजीकरण, समन्वय र सहयोग पुऱ्याउने उद्देश्यले जिल्ला समन्वय समितिको मिति २०७५/११/१७ गतेको बोर्ड बैठकले पदाधिकारी र सदस्यहरूलाई विषय/क्षेत्रगत जिम्मेवारी समेत प्रदान गरिएको छ। स्थानीय तहहरूले ऐन नियमानुसार सम्पादन गर्नुपर्ने कार्यलाई प्रमुख आधार बनाई सूचक तयार गरेर अनुगमन गर्ने र आवश्यक एवम् उपयुक्त देखिएको विषयमा पालिकाको कार्यालयलाई सुझाव, सल्लाह र पृष्ठपोषण प्रदान गर्ने गरी कार्य अगाडी बढाईएको छ।

८. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/६/२८ गतेको बैठकको निर्णय अनुसार नदीजन्य तथा ढुङ्गा, गिट्टी र बालुवा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्बन्धि प्रक्रियाको अनुगमन गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन तथा समन्वय समितिको पुनर्गठन भई कार्यादेश प्राप्त हुन आए बमोजिम प्रमुखको संयोजकत्वमा अनुगमन तथा समन्वय समितिको बैठकहरू बसी कार्य सम्पादन गरिँदै आईएको छ। जिल्लामा नदीजन्य तथा ढुङ्गा, गिट्टी र बालुवा खानीजन्य पदार्थको उत्खनन्, संकलन र विक्रीको काम कारवाहीहरूमा बैठकहरू बसी अनुगमन र नियमन गर्ने तथा पालिकाहरूबाट प्राप्त भएका विषयमा आवश्यक निर्णय गरी राय सुझाव, सल्लाह स्वीकृत र निर्देशन दिने काम गरिएको छ। अनुगमन तथा समन्वय समितिको बैठक जि.स.स. प्रमुखको अध्यक्षतामा १० वटा र प्र.जि.अ.को अध्यक्षतामा २ वटा गरि आर्थिक वर्ष २०७५/७६ मा जम्मा १२ वटा बैठकहरू सम्पन्न भएका छन्।

९. नेपाल सरकारबाट स्वीकृत भएको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ को व्यवस्था बमोजिम कार्यक्रम परामर्श समिति र कार्यक्रम निर्देशक समितिको बैठक बसी २ वटा निर्वाचन क्षेत्रका लागि चार/चार करोडका दरले १० वटै पालिकाहरूका लागि स्वीकृत भएका ४० वटा योजनाहरूको कार्यान्वयन पालिकाहरूबाट सम्पन्न भएका छन्। यी योजनाहरूको स्वीकृती देखि कार्यान्वयन र अनुगमनका चरणहरूमा जिल्ला समन्वय समितिबाट नियमावली अनुसारको जिम्मेवारी सम्पन्न गरिएको छ।

१०. जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका जग्गामा निर्मित भवन, सटर र कोठाहरूबाट भाडा वापत् र अन्य विभिन्न शिर्षकहरूबाट समेत गरी आर्थिक वर्ष २०७५/७६ मा जिल्ला समन्वय समितिलाई रू.९९,१८,०९५।०० आन्तरिक आय हुन आएको छ। यसरी प्राप्त हुन आएको आय रकमको खर्च र कार्यक्रमका सम्बन्धमा स्पष्टता नभएको हुँदा हाल मौज्दात अवस्थामा रहेको छ।

११. आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट स्थानीय निकाय, निशर्त चालू अनुदानको रुपमा जिल्ला समन्वय समितिलाई प्राप्त हुन आएको रू.१,००,२४,०००।००, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको प्रशासनिक खर्च वापत प्राप्त हुन आएको रू.४,००,०००।००, जि.स.स.को मौज्दात कोष संचालन निर्देशिका, २०७५ अनुसार प्रशासनिक खर्च बापत् प्राप्त रू.२०,००,०००।०० र जि.स.स.को आन्तरिक आय रकम रू.९९,१८,६१८।०० समेत गरी कुल रू.२,२३,४२,६१८।०० प्राप्त भएकोमा निशर्त चालू अनुदानमा रू.९२,७३,७४६।४४, पूर्वाधार विकास साझेदारी कार्यक्रमको प्रशासनिक खर्चमा रू.३,७९,५००।००, मौज्दात कोषबाट प्राप्त प्रशासनिक खर्चमा रू.१८,७६,५४२।०० समेत गरी जम्मा रू.१,१५,२९,७८८।४४ मात्र खर्च भएको छ। खर्च हुन नसकेको नेपाल सरकारको निशर्त चालू अनुदान र पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फको गरी जम्मा रू.७,७०,७५३।५६ फ्रिज भएको छ भने अन्य मौज्दात अवस्थामै रहेको छ।

१२. जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूबाट गाउँपालिका र नगरपालिकाहरूमा गरिएको विभिन्न समयको अनुगमनको प्रतिवेदनको अध्ययन र समिक्षा गर्दा पालिकाहरूको लागि क्षमता विकासको कार्यक्रम संचालन गर्न आवश्यक देखिएकोले नगर विकास प्रशिक्षण केन्द्र, पोखरा सँग सम्पर्क र समन्वय गरी प्रशिक्षण केन्द्रकै पूर्ण खर्च र लागतमा १० वटै पालिकाको तर्फबाट उप–प्रमुख र बजेट तथा कार्यक्रम तर्जुमा समितिका दुई–दुई जना सदस्यहरूलाई सहभागी गराई बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धि दुई दिने प्रशिक्षण प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ। साथै घिरिङ्ग गाउँपालिका र ऋषिङ्ग गाउँपालिकामा पनि नगर विकास प्रशिक्षण केन्द्र पोखरा संग समन्वय गरी पालिकाहरूको समेत लागत सहभागितामा सम्पत्ति कर सम्बन्धि दुई दिने प्रशिक्षण/तालिम संचालन गर्न सहयोग पुऱ्याईएको छ।

१३. जलस्रोत ऐन, २०४९ तथा जलस्रोत नियमावली, २०५० को व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षता र जिल्ला समन्वय अधिकारी सदस्य–सचिव हुने जिल्ला जलस्रोत समितिबाट जिल्ला भित्र खानेपानी योजना संचालनका लागि गठन भएका जल उपभोक्ता समिति/संस्थाहरूको संस्था दर्ता गरी जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने, प्रमाणपत्र जारी गर्ने र मुहान थपको अनुमति दिने कामहरू गरिएको छ। यस बमोजिम जिल्ला जलस्रोत समितिबाट आर्थिक वर्ष २०७५/७६ मा ९ वटा पालिकाहरूबाट (आबुँखैरेनी गाउँपालिका बाहेक) आएका निवेदनहरूमा कारवाही भई ४९ वटा जल उपभोक्ता संस्थाहरू दर्ता गरी जलस्रोत उपयोगको अनुमति प्रदान भएको छ। यस कार्यबाट जिल्ला समन्वय समितिलाई रू.१,२४,०००।०० रकम राजश्व प्राप्त हुन आएको छ।

१४. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौंको च.नं. ५८१९, मिति २०७४/१२/१९ गतेको पत्र साथ प्राप्त हुन आएको जि.स.स.को दरबन्दी तेरिजमा मिति २०७५/९/१९ गते परिमार्जन भएको व्यहोरा मन्त्रालयको वेभसाईट (www.mofaga.gov.np) मार्फत् प्राप्त स्वीकृत संगठन तालिका अनुसार जिल्ला समन्वय समिति तनहुँको लागि १३ जना कर्मचारीहरू रहने गरी संगठन तालिका र कर्मचारीहरूको दरबन्दी प्राप्त भएको छ। उक्त दरवन्दी तालिका निम्न अनुसार रहेको छ :

निम्न :

| सि.नं. | कार्यालय / शाखा | स्वीकृत दरबन्दीको | | | | पदपूर्तिको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | पदनाम | सेवा समुह | श्रेणी | संख्या | पूर्ति | रिक्त |
| १ | कार्यालय प्रमुख | जिल्ला समन्वय अधिकारी | प्रशासन, सा.प्र. | रा.प. द्वितीय | १ | १ | ० |
| २ | व्यवस्थापन शाखा | शाखा अधिकृत | प्रशासन, सा.प्र. | रा.प. तृतीय | १ | १ | ० |
| ३ | | नायब सुब्बा | प्रशासन, सा.प्र. | रा.प.अनं. प्रथम | १ | १ | ० |
| ४ | | लेखापाल | प्रशासन, लेखा | रा.प.अनं. प्रथम | १ | ० | १ |
| ५ | | खरिदार | प्रशासन, सा.प्र. | रा.प.अनं. द्वितीय | १ | १ | ० |
| ६ | | सवारी चालक | -- | श्रेणी विहिन | ३ | २ | १ |
| ७ | | कार्यालय सहयोगी | -- | श्रेणी विहिन | ३ | २ | १ |
| ८ | अनुगमन तथा मूल्याङ्कन शाखा | इन्जिनीयर | इन्जि., सिभिल | रा.प. तृतीय | १ | ० | १ |
| ९ | | सव-इन्जिनीयर | इन्जि., सिभिल | रा.प.अनं. प्रथम | १ | ० | १ |
| | जम्मा | | | | १३ | ८ | ५ |

**नोट :** जि.स.स. प्रमुखको निजी सचिवालयमा रहने रा.प.अनं. प्रथम तहको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्ति गर्न सक्नेछ। यसरी करारमा नियुक्ति गरेको कर्मचारीलाई जि.स.स. प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुनेछ।

१५. जिल्ला भित्र क्रियाशिल र कार्यरत गैर सरकारी संघ संस्थाहरूलाई उनीहरूको कार्यक्रम, वजेट, कार्यान्वयनको अवस्था र प्रगतिको विषयमा समन्वय, सहजीकरण, निर्देशन र अनुगमनका लागि जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा District Project Advisory Committee (DPAC) रहने भए अनुसार आ.व. ०७५/७६ मा DPAC (जिल्ला परियोजना सल्लाहकार समिति) का ८ वटा बैठकहरू सम्पन्न भएका छन्।

१६. जिल्ला समन्वय समिति तनहुँको आर्थिक वर्ष २०७४/७५ को आर्थिक श्रेस्ताहरूको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणको कार्य सम्पन्न भएको छ।

१७. जिल्ला समन्वय समितिको कार्यालयको विगत वषहरूको वेरुजु मन्त्रालयबाट प्राप्त भएको अभिलेख अनुसार पेश्की वेरुजु रू.२६,२८,७०,१८८।००, असुल गर्नुपर्ने वेरुजु रू.१,२५,६३,६१२।०० र अन्य वेरुजु रू.३,३६,६४,३४०।०० समेत गरी जम्मा रू.३०,९०,९८,१४०।०० रहेको देखिन्छ। कार्यालयमा अद्यावधिक वेरुजुको लगत नरहेको एवम् आर्थिक प्रशासन शाखाको लेखापालको दरवन्दी हाल पूर्ति नभई कर्मचारी अभाव भएको कारणले वेरुजु फछ्र्यौटको कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन। आर्थिक वर्ष २०७५/७६ मा जिल्ला समन्वय समितिको कार्यालयबाट पुराना वेरुजु फछ्र्यौटको प्रयास अगाडी बढाएर कूल वेरुजु रकम मध्ये LGCDP कार्यक्रम तर्फको वेरुजु रकम रू.४९,७२,१८०।०० को सम्परीक्षणका लागि आवश्यक कागजात संलग्न गरी पठाईए अनुसार महालेखा परीक्षकको कार्यालयबाट रू.४९,७२,१८०।०० सम्परीक्षण भएको छ।

१८. जि.स.स.को स्वामित्वमा रहेको तनहुँ जिल्ला साविक फराकचौर ९/ट कि.नं. ३४ र ३५ देउरालीनगरमा रहेको २९-९-२-० क्षेत्रफलको जग्गामा अव्यवस्थित रुपमा बसेका व्यक्तिहरूको सम्बन्धमा साविक जि.वि.स.द्वारा गठीत जग्गा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा प्रचलित मूल्य लिई सम्बन्धित व्यक्तिहरूलाई विक्री गर्न अनुमतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने भनी दोस्रो जिल्ला सभा (मिति २०७५/३/३० र २०७५/४/७) बाट निर्णय भए अनुसार जिल्ला समन्वय समितिबाट विभिन्न मितिहरूमा (च.नं. ३७, मिति २०७५/४/१६ र च.नं. ८०७, मिति २०७६/२/२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाईएकोमा हालसम्म अनुमति प्राप्त भई नसकेको अवस्था छ।
त्यस्तै उक्त सभाबाट तनहुँ जिल्ला साविक फारकचौर ९/ग कि.नं. ६०३ स्थित जि.स.स.को नाममा रहेको ०-१-३-० को जग्गामा सोही स्थान कि.नं. ६९१ को क्षेत्रफल ०-१-३-३ को जग्गाका जग्गाधनी श्री रेवतराज शाहले २०५७ सालमा घर निर्माण गरेकोमा दोस्रो जिल्ला सभाको निर्णयअनुसार उक्त जग्गा साटफेर गर्ने अनुमतिका लागि मन्त्रालयमा अनुरोध गरि पठाईएकोमा हालसम्म अनुमति प्राप्त भई नसकेको अवस्था छ।

१९. साविकमा जिल्ला विकास समिति, तनहुँबाट स्थायी नियुक्ति लिई सेवारत रहेका कर्मचारीहरू मध्ये सेवा निवृत्त भएका ३ जना कर्मचारीहरूले नियमानुसार पाउने सुविधा रकमका सम्बन्धमा दोस्रो जिल्ला सभाले निर्णय गरे अनुसार मौज्दात कोषबाट रू.१ करोड सुरक्षित राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा नेपाल सरकारको तर्फबाट रकम उपलब्ध गराईदिन अनुरोध गरी पठाईएको छ। मन्त्रालयबाट हालसम्म रकम निकासा भई आएको छैन। यस सम्बन्धमा कार्यालयबाट अद्यपि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पहल र प्रयास भइरहेको छ। रकम निकासा गर्ने सम्बन्धमा मन्त्रालयमा कारबाही भइरहेको भन्ने व्यहोरा बुझिन आएको छ।

२०. जिल्ला समन्वय समिति तनहुँबाट सम्माननीय प्रधानमन्त्री ज्यूलाई सम्बोधन गरी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाण्डौंमा एउटा सवारी साधन उपलब्ध गराईदिन अनुरोध गरे अनुसार माननीय केदार सिग्देलज्यूको समन्वय र सहयोगमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट जिल्ला समन्वय समितिलाई सुमो टाटा जीप (पुरानो / मोडल १९९९ / सुमो ४ X ४)एक थान प्राप्त हुन आएको छ।

२१. जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख र सदस्यहरूको नेतृत्वमा आर्थिक वर्ष २०७५/७६ मा पदाधिकारी तथा सदस्यहरू र कर्मचारीहरू द्वारा गाउँपालिका तथा नगरपालिकाहरूमा स्थलगत अनुगमनको कार्य सम्पन्न भएको छ। स्थलगत अनुगमन गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित अन्य ऐन, नियम, कार्यविधि, निर्देशिका अनुसार पालिकाहरूले सम्पादन गर्नुपर्ने कामका सम्बन्धमा कार्य जिम्मेवारी अनुसारको सूचकहरू तर्जुमा गरि उक्त सूचकहरू बमोजिम पालिकाको कार्यालयका विभिन्न शाखा तथा ईकाईमा कार्यरत कर्मचारीहरू मार्फत सूचना तथा जानकारी लिईएको छ। सूचना तथा जानकारीहरू लिँदा उक्त समयमा अधिकांश पालिकाहरूमा प्रमुख, उप-प्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यहरू समेतको उपस्थिती रहेको थियो। अनुगमनको क्रममा प्राप्त भएका सूचना तथा जानकारीहरूको आधारमा तत्काल कर्मचारीहरूलाई विभिन्न सुझाव, सल्लाह र पृष्ठपोषण समेत गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु। सूचकमा आधारित रहेर गरिएको उक्त अनुगमन कार्यले पालिकाहरूलाई धेरै विषयमा स्पष्टता भई काममा सहजता आएको हामीले महशुस गरेका छौ।

त्यस्तै विकास निर्माण योजनाहरूको पनि अनुगमन कार्य सम्पन्न गरेका छौं। यसरी अनुगमन गर्दा दोस्रो जिल्ला सभाले स्वीकृत गरेको कार्यविधि र फारम बमोजिम केहि थप सूचना तथा जानकारीका सूचकहरू बनाई अनुगमन कार्य सम्पन्न गरिएको छ । योजनाहरूको अनुगमनमा देखिएका विषयहरूलाई योजना, प्राविधिक, लेखा शाखाका जिम्मेवार कर्मचारीहरू सँग स्थलगत रुपमै छलफल र समिक्षा भई आवश्यक देखिएका विषयमा सुझाव र पृष्ठपोषण प्रदान गरिएको व्यहोरा म सभासद् ज्यू हरूलाई अवगत गराउन चाहन्छु। समग्रमा आर्थिक वर्ष २०७५/७६ मा पदाधिकारी/सदस्य र कर्मचारीहरूबाट १० वटै पालिकाहरूमा विभिन्न मितिमा समूहिक र एकल रुपमा गरी जम्मा जम्मी २३ पटक अनुगमनको कार्य सम्पन्न भएको छ।

२२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७५ मा भएको व्यवस्था बमोजिम यस कार्यक्रम अन्तर्गत स्वीकृत भएका योजना तथा कार्यक्रमहरूको स्थलगत अनुगमनको कार्य तनहुँ जिल्लाको क्षेत्र नं. १ र २ बाट संघीय संसद (प्रतिनिधि सभा) मा प्रतिनिधित्व गर्नुहुने माननीय कृष्ण कुमार श्रेष्ठ र माननीय केदार सिग्देल ज्यूको नेतृत्वमा सम्पन्न भएको छ। माननीयज्यूहरूको नेतृत्वमा भएको अनुगमनका अतिरिक्त जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरूबाट समेत यस कार्यक्रम अन्तर्गतका योजनाहरूको स्थलगत अनुगमन गरिएको छ।

२३. नेपाल सरकारले जारी गरेको कार्यविधि/निर्देशिका/परिपत्र बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा व्यवस्था भएको सम्पत्ति हस्तान्तरण समितिको विभिन्न मिति (२०७५/४/१० गते देखि २०७५/९/१ गते सम्म) मा भएको निर्णय अनुसार नगरपालिका तथा गाउँपालिकाहरूमा जिन्सी सामाग्रीहरू हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिँदा साविकका डिभिजन सहकारी कार्यालय, महिला तथा वालवालिका कार्यालय, जिल्ला प्राविधिक कार्यालय र जि.स.स.को कार्यालयमा प्रयोगमा नआएका तर पालिकाहरूको कार्यालयमा उपयोगमा आउन सक्ने खालका सामाग्रीहरू हस्तान्तरण गरिएको छ। आगामी दिनमा पनि जि.स.स.मा रहेका तथा अन्यत्रबाट प्राप्त हुन आउने सामाग्रीहरूलाई क्रमश: हस्तान्तरण गरिने व्यहोरा म अवगत गराउन चाहन्छु।

२४. आर्थिक वर्ष २०७५/७६ मा जिल्ला समन्वय समितिका प्रमुख उप–प्रमुख र सदस्यहरूले गण्डकी प्रदेश समन्वय परिषद्को बैठक, जि.स.स. महासंघबाट आयोजित राष्ट्रिय जलवायु सम्मेलन, जि.स.स. गण्डकी प्रदेश संघबाट आयोजित जि.स.स. पदाधिकारी तथा सदस्यहरूको क्षमता विकास कार्यक्रम, गण्डकी प्रदेश सरकारबाट आयोजित आन्तरिक पर्यटन वर्ष मूल समारोह समितिको बैठक, काठमाण्डौंमा भएको प्रथम राष्ट्रिय महिला सम्मेलन, राष्ट्रिय मानव अधिकार कार्य योजनाको प्रस्तावित मस्यौदा उपर छलफल सहीतका विभिन्न बैठक, गोष्ठी, अन्तरक्रिया कार्यक्रमहरूमा संस्थागत सहभागिता जनाउने र उक्त कार्यक्रमहरूमा जि.स.स.को तर्फबाट धारणाहरू राख्ने कार्य गरिएको छ।

२५. जिल्ला समन्वय समितिले आर्थिक वर्ष २०७५/७६ को अवधिमा आफ्नो कार्य सम्पादनलाई सहज, सरल र प्रभावकारी बनाउनका लागि जि.स.स.को बोर्ड बैठकबाट विभिन्न समिति, उपसमिति र कार्यदलहरू गठन गरेर कार्यगर्ने अभ्यास गरेको छ। आर्थिक वर्ष २०७५/७६ मा विभिन्न विषयका ३ वटा उपसमिति तथा कार्यदलहरू गठन गरी कार्य सम्पादन भएको छ।

२६. आर्थिक वर्ष २०७५/७६ मा जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरूले जिल्ला स्थित संघीय तथा प्रदेश सरकार मातहतका कार्यालयहरूबाट संचालन भएका बैठक, सेमिनार, गोष्ठी, अनुगमन आदि कार्यक्रमहरूमा संस्थागत प्रतिनिधित्व गर्ने काम भएको छ। आर्थिक वर्ष ०७५/७६ मा प्रमुख, उप–प्रमुख र सदस्यहरूबाट डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, भू तथा जलाधार व्यवस्थापन कार्यालय, राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण अन्तर्गत शिक्षा र अनुदान व्यवस्थापन आयोजना कार्यालयहरूबाट भएका कार्यक्रमहरूको स्थलगत रुपमा अनुगमन गर्ने कार्य गरिएको छ भने अन्य विभिन्न सेवा प्रवाह र विकास सँग सम्बन्धित कार्यालयहरूको समन्वय बैठक, समिक्षा बैठक, अन्तरक्रिया कार्यक्रमहरूमा अध्यक्षता गर्ने तथा समन्वय गर्ने कार्य गरिएको छ।

२७. संघीय सरकारबाट प्राप्त परिपत्र र निर्देशन अनुसार जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा जिल्लास्तरीय मूल समिति गठन गरी जिल्ला सदरमुकाममा गणतन्त्र दिवस, संविधान दिवस, प्रजातन्त्र दिवस, सहिद दिवस, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता जस्ता राष्ट्रिय महत्वका दिवस एवम् कार्यक्रमहरू भव्यताका साथ मनाउन सहयोग पुर्‍याउने कार्य भएको छ।

२८. नेपाल सरकारबाट स्वीकृत भएको जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ तथा २०७५ माघ १५ गतेको तेश्रो जिल्ला सभाको निर्णय बमोजिम गाउँपालिका र नगरपालिकाहरूमा मौज्दात कोषबाट योजना स्वीकृत गरी पठाउने प्रकृया शुरु भएको छ। तेस्रो सभाबाट आर्थिक वर्ष ०७४/७५ सम्मको मौज्दात कोषको रकम कूल रू. १३,७९,५६,८०५।६६ मध्ये दायित्वहरूको रकम कटाएर खुद बाँडफाँड गर्न सकिने रकम रू.१२,३६,९५,७४४।७६ लाई उपयोग गर्न सभाबाट भएको नीतिगत मार्गदर्शन र निर्णय अनुसार नगरपालिकालाई रू.१ करोडका दरले र गाउँपालिकालाई रू. ८० लाखका दरले (पालिकाहरूको आफ्नो साझेदारी बाहेक) सिलिङ्ग रकम कायम गर्ने निर्णय भएको यहाँहरूलाई जानकारी नै छ। सोही बमोजिम सबै पालिकाहरूलाई निर्णय सहीतको जानकारी पठाएर योजना तथा कार्यक्रमहरू माग गरिएकोमा आर्थिक वर्ष २०७५/७६ सम्म मौज्दात कोषको रकमको प्रवाहको प्रगति निम्न अनुसार रहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

निम्न :

| क्र. स. | पालिका | जि.स.स.मा माग गरिएको | | | स्वीकृत गरिएको | | रकम निकासा गरिएको विवरण | माग भएको योजना स्वीकृत नभएको वा रकम निकासा नहुनुको कारण |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | योजनाको कूल ला.ई. | योजनाको किसिम | योजना संख्या | बजेट | | |
| १ | व्यास न.पा. | ५ | २३००८६८४।०० | वडा भवन | ५ | १ करोड | ७० लाख | - |
| २ | शुक्लागण्डकी न.पा. | ४ | - | २ खा.पा., २ भवन (स्वास्थ्य, कृषि) | १ | - | - | ला.इ. प्राप्त नभएको |
| ३ | भिमाद न.पा. | १ | - | वडा भवन | १ | - | - | ला.इ. प्राप्त नभएको |
| ४ | भानु न.पा. | - | - | - | - | - | - | - |
| ५ | ऋषिङ गा.पा. | १ | ३४०५७१५९।०० | पालिका भवन | १ | ८० लाख | - | सम्झौता नआएको |
| ६ | घिरिङ गा.पा. | १ | - | पालिका भवन | - | - | - | ला.इ. प्राप्त नभएको |
| ७ | म्याग्दे गा.पा. | - | - | - | - | - | - | - |
| ८ | आँबुखैरेनी गा.पा. | १ | १२४०००००।०० | पालिका भवन | १ | ८० लाख | ५६ लाख | - |
| ९ | बन्दिपुर गा.पा. | २ | १८०५०४०४।०० | वडा भवन | २ | ८० लाख | - | १ सम्झौता नआएको |
| १० | देवघाट गा.पा. | २ | १६११०८७८।०० | वडा भवन | २ | ८० लाख | - | सम्झौता नआएको |

**तनहुँ जिल्लाको चौंथो जिल्ला सभा (२०७६/४/२४) मा अध्यक्ष श्री शान्तिरमण वाग्लेबाट प्रस्तुत**

**बार्षिक नीति तथा कार्यक्रम, २०७६**

जिल्ला सभाका सदस्यज्यूहरू,

जिल्ला समन्वय समितिका उप-प्रमुख लगायत सदस्यज्यूहरू।

तनहुँ जिल्लाको यस चौंथो गरीमामय जिल्ला सभामा अध्यक्षको हैसियतले आ.व. ०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ। यस महत्वपूर्ण अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना गर्न आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। साथै घाईते र अपाङ्ग भई हाल सम्म उपचारमा रहनु हुने महानुभावहरू प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै मुलुकको राजनैतिक विकास र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाका लागि नेतृत्वदायी भूमिका प्रदान गर्नुहुने राजनैतिक दलका अग्रज नेतृत्व एवम् सर्वसाधारण महानुभावहरू प्रति उच्च आदर प्रकट गर्दछु ।

आजको यस जिल्ला सभामा उपस्थित हुनुहुने सम्पूर्ण आदरणीय सदस्यज्यूहरू एवम् विशेष आमन्त्रितको रुपमा उपस्थित हुनुहुने जिल्ला समन्वय समितिका उप-प्रमुख लगायत सबै सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु।

आदरणीय सभासद्ज्यूहरू,

नेपालको संविधानले व्यवस्था गरे अनुसार हाल मुलुकमा तीन तहको सरकार सहितको शासन व्यवस्था संचालनमा रहेको छ। नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून वमोजिम गरेका छन्। स्थानीय तह अन्तर्गत गाउँपालिका नगरपालिका र जिल्ला सभाको व्यवस्था गरीएको छ। स्थानीय तहमा सम्पन्न लोकतान्त्रिक निर्वाचन पश्चात गठन भएको यस जिल्ला समन्वय समितिले २ वर्ष पूरा गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ र अन्य प्रचलित कानूनले दिएको अधिकार जिम्मेवारी र भूमिका अनुसार हामीले आफनो कार्य सम्पादन गर्दै आईरहेका छौं। तापनि हाम्रा लागि यो अत्यन्तै नयाँ अभ्यास भएको हुँदा कार्यसम्पादन गर्न अलि असजिलो महशुश भईरहेको छ।

सीमित श्रोत साधनका वावजुद संगठनात्मक संरचना निर्माण, प्रशासनिक अधिकार बाँडफाँडबाट नीति नियम र कार्यविधि निर्माण गरी तीनै तहको समन्वय गर्ने, विकास निर्माण कार्यमा साझेदारी बढाउने, विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने जस्ता सुधारका लक्ष्यहरू लिई जिल्ला सभा अघि बढिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

संघीय सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा *जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाईनेछ* भन्ने उल्लेख भएको तथा २०७६/७७ को वजेट बक्तव्यको बुँदा नं. २८३ मा *जिल्ला समन्वय समितिलाई स्थानीय तहको क्षमता विस्तार, विकास निर्माण कार्यको अनुगमन, तथ्याङ्क संकलन एवम् प्रतिवेदन तयारी र गैर सरकारी संस्थाहरूको अनुगमन कार्यमा प्रभावकारी उपयोग गरिनेछ* भन्ने उल्लेख भएको साथै गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को बजेट बक्तव्यको बुँदा नं.१३८ मा *जिल्ला समन्वय समितिको अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु* भन्ने व्यवस्था भएकोले हामीलाई थप हौसला र उर्जा मिलेको छ।

नेपालको संविधानले जिल्ला सभालाई गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिम अन्य कार्यहरू गर्ने गरी परिभाषित गरेको छ।

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाको काम कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ :**

१. जिल्ला सभाको काम कर्तव्य र अधिकारहरू :

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माण तथा विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने।

(ख) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयारी गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्न त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शन सार्वजनिक गर्ने।

(ग) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने।

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने।

(ङ) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय वा सहजीकरण गर्ने।

(च) जिल्ला भित्रका प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गर्ने।

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा नीजि क्षेत्रसँग समन्वय गर्ने।

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकतानुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने।

(झ) आफना कामकारवाहीका सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने।

(ञ) जिल्ला भित्रको विकास निर्माण लाई प्रभावकारी बनाउनका लागि वर्षमा कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संघीय संसदका सांसदहरू र प्रदेश सभाका सांसदहरूलाई आमन्त्रण गरी सुझाव लिने।

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने ।

२. जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ।

३. जिल्ला सभाले आफनो अधिकार क्षेत्रका विषयमा आवश्यक कार्यविधि निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

त्यस्तै प्रदेश सरकारले जारी गरेको स्थानीय तहको सभा संचालन कार्यविधि ऐन, २०७५ को परिच्छेद ४ को दफा ३० मा जिल्ला सभाको काम कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐनसँग मेल खाने किसिमको भएको हुँदा उल्लेखित संबैधानिक र कानूनी अधिकार लाई आत्मसाथ गर्दै अगाडी बढिने छ।

**आर्थिक वर्ष २०७६/७७ को लागि निम्न नीतिहरू यस गरीमामय सभा समक्ष प्रस्ताव गरेको छु :**

१. स्थानीय तहको विकास निर्माणको विषय पहिचान गर्न तथा व्यवस्था गर्न आवश्यक समन्वय गरिनेछ।

२. जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरिनेछ।

३. जिल्ला भित्र संचालित विकास निर्माण सम्बन्धी कार्यक्रममा प्रभावकारीता ल्याउन व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरिनेछ।

४. अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि जिससका पदाधिकारी एवम् सदस्यहरूलाई विभिन्न विषयगत क्षेत्रगत जिम्मेवारी बाँडफाँड गरी जिम्मेवारी तोकिने छ। विषयगत क्षेत्रगत सूचकहरूको तर्जुमा गरी अनुगमन कार्यलाइ वस्तुगत बनाउन अधिकतम प्रयास गरिनेछ।

५. स्थानीय तहको क्षमता विकासको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी तालिम कार्यक्रमहरू संचालन गरिनेछ।

६. जिल्ला भित्र रहने संघीय वा प्रदेश सरकारी कार्यालयहरूबीच समन्वय गर्न एक समन्वय संयन्त्रको स्थापना गरिनेछ।

७. स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानको लागि तत्काल सम्वोधन हुने गरी प्रभावकारी कार्यदल (Task Force) गठन गरिनेछ।

८. गैरसरकारी तथा नीजिक्षेत्रसँग वर्षमा कम्तिमा एक पटक छलफल कार्यक्रम आयोजना गरिनेछ। साथै विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्न समन्वयकारी नीति लिईनेछ।

९. हालसम्म निर्माण हुन नसकेका जिल्ला भरका गाउँपालिका तथा नगरपालिकाका मुख्य प्रशासकीय भवन तथा वडा प्रशासकीय भवन (वडा कार्यालय)हरूको निर्माणमा जोड दिईनेछ। आवश्यकतानुसार समन्वय र सहजीकरण अगाडी बढाईनेछ।

१०. जिल्ला समन्वय समितिमा रहेको थप कोषलाई जि.स.स. मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम आ.व. ०७६/७७ मा समेत वितरण गरी स्थानीय विकास निर्माणलाई प्रभावकारी बनाईनेछ।

११. संघ प्रदेश र स्थानीय तहबाट प्रदान गरिने सेवालाई सेवाग्राहीमैत्री वातावरण निर्माण गरी पारदर्शिता र सुशासनलाई जोड दिदै सेवा प्रवाह गराउने नीति अबलम्वन गरिनेछ।

१२. जिल्ला समन्वय समितिको सक्रियता / अगुवाईमा र १० वटै पालिकाहरूको सहयोगमा जिल्ला भित्रका विपन्न, कमजोर आर्थिक, सामाजिक, शैक्षिक, अवस्था भएका र विद्यालय जानबाट वञ्चित बालबालिका तथा विद्यार्थीहरूका लागि जिल्ला बाल कल्याण समिति अन्तर्गत आवासीय विद्यालय स्थापना र संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१३. जिल्ला समन्वय समितिको विभिन्न महत्वपूर्ण बैठकमा प्रदेश र संघका सांसदलाई आमन्त्रण गरिनेछ।

१४. स्थानीय तह, प्रदेश र संघका जनप्रतिनिधी र कार्यालयहरूबीच समन्वय र तालमेललाई सबल र प्रभावकारी बनाईनेछ।

१५. तनहुँ जिल्लाको भौतिक पूर्वाधार तथा सेवाको गुणस्तरीयताको लागि जिल्लामा एक प्राविधिक कार्यालय स्थापना गर्न पहल गरिनेछ।

१६. कर्मचारी र जनप्रतिनिधीबीच, पालिका भित्र, पालिका-पालिकाबीच, पालिका र जि.स.स.बीच समन्वय अझ प्रभावकारी बनाउँदै लगिनेछ।

१७. संस्थागत र व्यक्तिगत जनगुनासोको प्रभावकारी व्यवस्थापन गरिनेछ।

१८. अत्यन्तै प्रभावकारी देखिएको सहरी स्वास्थ्य केन्द्रको संचालनलाई निरन्तरता दिनको लागि संघ, प्रदेश र स्थानीय तह सँग प्रभावकारी समन्वय र अनुरोध गरिनेछ।

१९. श्रृङ्ग पथ, घिरिङ, ऋषिङ मोटर मार्गको स्तरोन्नतीका लागि जिल्ला समन्वय समितबाट पहल गरिनेछ।

**आर्थिक वर्ष २०७६/७७ को लागि निम्न कार्यक्रमहरू यस गरीमामय सभा समक्ष प्रस्ताव गरेको छु :**

(१) बैठक व्यवस्थापन तथा संचालन :

(क) आर्थिक वर्ष २०७६/७७ मा जिल्ला सभाको बैठक कम्तिमा १ पटक र जिल्ला समन्वय समितिको बैठक कम्तिमा महिनाको १ पटक आयोजना गरिनेछ।

(ख) आर्थिक वर्ष २०७६/७७ मा विकास आयोजनाको बार्षिक समिक्षा बैठक कम्तिमा १ पटक आयोजना गरिनेछ।

(ग) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको बैठक आयोजना गरी गत बर्षको कार्यक्रमको मूल्यांकन समिक्षा गरी आ.व. ०७६/७७ को कार्यक्रम अगाडी बढाईनेछ।

(घ) आवश्यकतानुसार सन्तुलित विकासका लागि विज्ञ समूहको परामर्श बैठकको आयोजना गरिनेछ।

(ङ) जिल्ला भित्र कुनै पालिकामा विवाद उत्पन्न भएमा छलफल र बैठकहरूको माध्यमद्वारा समस्या समाधान गरिनेछ।

(२) सामाजिक क्षेत्र :

(क) गैर सरकारी संस्थाको काम कारवाहीलाई अनुगमन गरिनेछ।

(ख) जिल्लाको पर्यटन विकास शिक्षा, स्वास्थ्य, वन तथा वातावरण, घरेलु तथा साना उद्योग, कृषि र पशुसेवा क्षेत्रमा काम गर्ने सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

(ग) नीजि क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय कायम गरिनेछ।

(घ) जिल्लाको खेलकूद विकास तथा स्वास्थ्य क्षेत्रको सुधारको लागि सरोकारवाला निकायहरूसँग समन्वय र सहजिकरण गरिनेछ।

(ङ) जातिय भेदभाव लैङ्गिक भेदभाव र सामाजिक कुरितिका विरुद्ध सबै खालका कार्यक्रमहरूमा सहयोग पुऱ्याइने छ।

(च) सामुदायिक शिक्षालाई गुणस्तरीय बनाउनका लागि जिल्लाका सम्पूर्ण पालिकाहरूसँग समन्वय गरी ठोस कार्यक्रमहरू आयोजना गर्नका लागि प्रोत्साहीत गरिनेछ।

(३) विकास निर्माण :

(क) संघीय प्रदेश र स्थानीय तह तथा अन्य निकायबाट सञ्चालन हुने विकास योजनाहरूको निरन्तर अनुगमन गरी देखिएका कमि कमजोरी औंल्याई सुधारका लागि सम्बन्धीत ठाउँमा सुझाव दिईनेछ।

(ख) तनहुँ जिल्लामा संचालनमा रहेका राष्ट्रिय गौरवका आयोजना तनहुँ जलविद्युत आयोजना, भानुभक्त प्राणी उद्यान तथा पृथ्वीराजमार्ग पुर्ननिर्माण तथा विद्युत प्रशारण निर्माण जस्ता महत्वपूर्ण आयोजना समयमै सम्पन्न गर्नका लागि सरोकारवाला निकायसँग समन्वय गरी सहजीकरण गरिनेछ।

(ग) राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण बाट संचालित भूकम्प लाभग्राही (नीजि आवस अनुदानलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि सहजीकरण गरिनेछ। साथै भूकम्प प्रभावित विद्यालयको भवन तथा शौचालय निर्माणका लागि जिल्ला आयोजना कार्यान्वयन ईकाई मार्फत कार्यक्रमहरूमा अनुगमन तथा सहजीकरण गरिनेछ।

(घ) गण्डकी प्रदेश सरकारद्वारा तय गरीएको आन्तरिक पर्यटन वर्ष, २०१९ लाई सफल बनाउन विभिन्न ठाउँहरूमा मेला महोत्सवको आयोजना गरी जिल्लामा पर्यटक भित्र्याउन गतिविधिहरू संचालन गर्न गाउँपालिका तथा नगरपालिकाहरूलाई आव्हान गरिनेछ।

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कन नगरी गरिने विकास निर्माणका कार्यलाई निरुत्साहीत गर्दै जोखिम न्यूनिकरण र संरक्षणका लागि कार्यक्रम ल्याईनेछ।

(च) नदिजन्य वस्तुको उत्खनन् सम्बन्धी अनुगमन कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ।

(छ) कार्यालय भवन प्राङ्गण अतिथीगृह तथा आवाश गृहको मर्मत सम्भार गरिनेछ।

(ज) निर्माणधिन जिल्ला सभा गृहको निर्माण कार्यको अनुगमन गरी गुणस्तरीय भवन निर्माण गराई सम्झौता अनुसारको समयमै सम्पन्न गर्नका लागि आवश्यक कार्य गरिनेछ।

(झ) गाउँपालिका तथा नगरपालिकामा निर्माण गरिने सडकको मापदण्ड बनाई लागू गर्न पालिकाहरूलाई आव्हान गरिनेछ।

(ञ) उपभोक्तन समिति र ठेक्काद्वारा निर्माण गरीएका निर्माण कार्यहरूको गुणस्तरियतालाई तुलना गर्न लगाई दिगो तथा भरपर्दो कार्य गर्नका लागि LAB बाट प्रमाणीत गराई कार्य सञ्चालन गर्न आव्हान गरिनेछ।

४. अन्य कार्यक्रमहरू :

(क) राष्ट्रिय दिवस, जयन्ती र उत्सव समारोह कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

(ख) विपद् व्यवस्थापन सम्बन्धी योजना निर्माण र कार्यान्वयनमा सरोकारवाला निकायहरूसँग मिली सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) वृक्षारोपण कार्यलाई प्रभावकरी ढङ्गबाट कार्यान्वयन गराउन जिल्ला स्थित गाउँपालिका तथा नगरपालिका वा सरोकारवाला निकायहरूलाई प्रोत्साहीत गरिनेछ।

(घ) अन्तर जिल्ला अनुभव आदान प्रदान भ्रमण तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**बजेट, नीति तथा कार्यक्रमको कार्यक्रमिक व्यवस्था :**

उल्लेखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९३ मा व्यवस्था भए बमोजिम नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलव्ध हुने रकम र अन्य श्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ। यसरी कोषमा प्राप्त रकम जिल्ला समन्वय समितिको बैठकहरूबाट निर्णय गरी साधारण खर्च र पूँजीगत खर्चको रकम बाँडफाँड गरी खर्च गरिनेछ। साथै उक्त कार्यकम सफलतापूर्वक सम्पन्न गराउन गाउँपालिका तथा नगरपालिकाको पनि उत्तिकै आवश्यकता पर्ने हुँदा जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउनका लागि आवश्यक सहयोग तथा बजेट व्यवस्थाका लागि समेत हार्दिक अपिल गर्न चाहन्छु।

अन्तमा,

हाम्रो निमन्त्रणलाई स्वीकार गरी सभामा उपस्थित सम्पूर्ण सभासद्ज्यू तथा आमन्त्रित महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु। धन्यवाद !

शान्तिरमण वाग्ले
प्रमुख
जिल्ला समन्वय समिति, तनहुँ

आज मिति २०७६/४/२४ गते शुक्रबारको दिन जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शन्तिरमण वाग्ले ज्यूको अध्यक्षतामा देहायका जिल्ला सभा सदस्यहरु तथा आमन्त्रित सहभागीहरुको उपस्थितीमा जिल्ला सभा बैठक बसी देहायबमोजिमको निर्णय गरियो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. श्री शान्तिरमण वाग्ले | प्रमुख, | जि.स.स. | (अध्यक्ष) |
| २. श्री बैकुण्ठ न्यौपाने | प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| ३. श्री उदयराज गौली | प्रमुख, | भानु न.पा. | (सदस्य) |
| ४. श्री किसान गुरुङ | प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| ५. श्री मेख बहादुर थापा | प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| ६. श्री राजेन्द्रकृष्ण श्रेष्ठ | अध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| ७. श्री माया राना | अध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| ८. श्री गिर बहादुर थापा | अध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| ९. श्री पूर्ण सिंह थापा | अध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| १०. श्री रन बहादुर राना | अध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| ११. श्री दुर्ग बहादुर थापा | अध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| १२. श्री मिरा जोशी | उप-प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| १३. श्री सविता रसाईली | उप-प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| १४. श्री आशा थापा | उप-प्रमुख, | भानु न.पा. | (सदस्य) |
| १५. श्री शारदा खनाल | उप-प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| १६. श्री गिनु माया थापा | उपाध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| १७. श्री बालकृष्ण घिमिरे | उपाध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |

उपस्थिती : ....

१८. श्री पुष्पा देवी श्रेष्ठ उपाध्यक्ष, आँबुखैरेनी गा.पा. (सदस्य)

१९. श्री करुणा गुरुङ उपाध्यक्ष, बन्दिपुर गा.पा. (सदस्य)

२०. श्री सरस्वती घिमिरे (सिग्देल) उपाध्यक्ष, घिरिङ गा.पा. (सदस्य)

२१. श्री विमला थापा उपाध्यक्ष, देवघाट गा.पा. (सदस्य)

२२. श्री प्रेम राज गिरी जि.स.अ., जि.स.स.का. (सदस्य-सचिव)

उपस्थित सदस्यहरू :

१. श्री पवित्रा देवी पौडेल उप-प्रमुख, जि.स.स., तनहुँ

२. श्री निल बहादुर थापा सदस्य, जि.स.स., तनहुँ

३. श्री केश बहादुर सुनार सदस्य, जि.स.स., तनहुँ

४. श्री अर्जुन बहादुर अधिकारी सदस्य, जि.स.स., तनहुँ

५. श्री गल बहादुर गुरुङ सदस्य, जि.स.स., तनहुँ

६. श्री धनीमाया थापा सदस्य, जि.स.स., तनहुँ

७. श्री दिव्यश्वरी वि.क. सदस्य, जि.स.स., तनहुँ

८. श्री सरस्वती गौतम सदस्य, जि.स.स., तनहुँ

उपस्थित कर्मचारीहरू :

१. श्री उदय बहादुर पराजुली शाखा अधिकृत जि.स.स.का., तनहुँ

२. श्री विनोद गौतम लेखापाल जि.स.स.का., तनहुँ

३. श्री नर बहादुर सार्की ना.सु. जि.स.स.का., तनहुँ

४. श्री एक बहादुर राना मगर खरिदार जि.स.स.का., तनहुँ

५. श्री सुवराज आले

६. श्री प्रदिप वातियाँ

७. श्री इन्द्र बहादुर मल्ल

८. श्री दिल बहादुर राना मगर

९. श्री गौतम काफ्ले